# बहुदरमाई नगरपालिकाको
# तेह्रौं नगर सभाबाट
# स्वीकृत नीति, कार्यक्रम, बजेट एवं निर्णय पुस्तिका

## आ.व.२०८२।०८३
## सार्वजनीकिकरण तथा समापन
## मितिः २०८२।०५।२२ गते



**प्रकाशकः**

बहुदरमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडरी, पर्सा

बहुदरमाई नगरपालिका बहुअरी पिडरी,पर्साको तेह्रौ नगर सभामा आ.ब. २०८२।०८३ को लागि नगर उप प्रमुख सुष्मा कुमारी कुशवाहा ज्युबाट पेश भएको निती,कार्यक्रम एवं बजेट

प्रस्तुतकर्ताः श्री सुष्मा कुमारी कुशवाहा
नगर उप-प्रमुख
मिति ; २०८२।०३।१०

यस बहुदरमाई नगरपालिकाको नगर प्रमुखज्यू प्रमूख प्रशासकीय अधिकृत, नगरसभाका सदस्यज्यूहरु तथा यस सभामा उपस्थित सबै महानुभावहरु, सर्वप्रथम म यस बहुदरमाई नगरपालिकाको नगर सभाको तेह्रौ अधिबेशनमा यहाँहरुलाई हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु । नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात सङ्घीय इकाईहरु क्रियाशिल भई सङ्घीय शासन ब्यवस्था निरन्तर रुपमा स्थिरता तर्फ अग्रसर भइरहेको सुखद अवस्थामा यस बहुदरमाई नगरपालिकाको सामाजिक आर्थिक रुपान्तरणको उदेश्य लिएर तयार गरिएको आगामी आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित महशुस गरेको छु। यस अवसरमा म नेपालमा सङ्घीय लोकतन्त्रिक गणतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि विभिन्न काल खण्डमा भएका ऐतिहासिक जनआन्दोलन, राजनीतिक क्रान्ति, जनयुद्ध र मधेश अन्दोलन लगायत बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात, अज्ञात शहीदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षाको लागि त्याग र नेतृत्व गर्नुहुने अग्रज श्रद्धेय नेतागणसहित सम्पूर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

बहुदरमाई नगरवासीको जनजीवनमा सकारात्मक परिवर्तनको अनुभुति गर्ने गरी स्वच्छ, सुन्दर, सुरक्षित र समृद्ध नगर बनाउन हामी प्रतिबद्ध छौं । यसका लागि आगामि आर्थिक वर्ष २०८२।०८३ को नीति, कार्यक्रमको प्रमुख प्राथमिकतामा शहरी पुर्वाधार निर्माण, कृषि विकास, पर्यटन प्रवर्द्धन, आधुनिक तथा व्यवसायिक शिक्षा, सर्वसुलभ, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा, उधमशीलता विकास तथा रोजगारी प्रवर्द्धन, सूचना प्रविधिमा आधारित कागजरहित सेवा प्रवाह र यातायात व्यवस्थापन रहेका छन् । यी प्राथमिकता प्राप्त क्षेत्रहरुलाई लक्षित गरी आगामि आ.व.२०८२।०८३ को बजेट तर्जुमा गरिने छ । यसका साथै यस नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि सङ्घ र प्रदेश सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, राष्ट्रीय तथा अन्तराष्ट्रिय विकास साझेदार र अन्य सबै सरोकारवालारुसँग सहकार्य र साझेदारी गर्न तयार रहने छौ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको जगमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न स्थानीय सरकारको भूमिका महत्वपूर्ण छ। विकासका लाभहरुलाई समानुपातिक, समावेशी र न्यायोचित तरीकाले वितरण गरी लोकतान्त्रिक शासन ब्यवस्थालाई स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्नमा स्थानीय तहको नीति, कार्यक्रम र बजेटले महत्वपूर्ण योगदान पुर्याएको हुन्छ। यस नगरपालिकाले आफ्नो नीति, योजना र बजेटलाई मार्गदर्शन गर्न-

*"बहुदरमाई बासीको रहर स्वच्छ, सुन्दर, सुरक्षित र समृद्ध नगर"*

भन्ने दीर्घकालिन सोंच लिएको छ। यही सोंचलाई पुरा गर्ने गरी नगरपालिकाले आफ्नो लक्ष्य, रणनीति र प्राथमिकताहरु निर्धारण गर्नेछ।

संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, दिगो विकासको लक्ष्य, निर्वाचित जनप्रतिनिधिज्यूहरुले गर्नु भएको चुनावी घोषणापत्रहरु, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रम, नगरबासीको आवश्यक्ता र अपेक्षा, राजनीतिक दल र नागरिक समाजबाट प्राप्त सुझावहरुलाई समेत आत्माबोध गरी प्रस्तुत नीति तथा कार्यक्रम तय गरिएको छ ।

## नगरपालिकाको नीति तथा कार्यक्रमः-

१।	नगरलाई दिगो, सुरक्षित, सफा र व्यवस्थित नगरको रुपमा विकास गर्न वृहत शहरी विकास गुरुयोजना र आवधिक नगर विकास योजना तर्जुमा गरि सोही अनुरुप कार्यक्रम तथा बजेट कार्यावन्यन गरिने छ।

२।	नगरका सबै वडा र टोललाई पक्की सडक सञ्जालसँग जोडी आवगमनलाई सहज बनाइनेछ।

३।	चुरेको विनास संगै यस पालिकामा समेत चापाकलबाट प्राप्त हुने खानेपानीको समस्या गत बिगत देखि नै बिकराल बन्दै गएकोले सो को दिर्घकालिन समाधानका लागि ओभरहेड टैकको निर्माण तथा जडानको डिपिआर तयार गरि नगरवासीलाई सो सुविधा पुर्याउन संघीय तथा प्रादेशिक सरकारसंग बजेट मांग गरिने छ ।

४।	सङ्घीय सरकारका मन्त्रालय र प्रदेश मन्त्रालयसँग आवश्यक सहकार्य गरी ठुल ठुल्ला सडकहरुको निर्माण तथा स्तरोन्नतीको कार्य गरिनेछ।

५।	स साना र टुक्रे योजना तथा कार्यक्रमहरु निरुत्साहित गर्दै अति आवश्यक भए मात्र संचालन गरिने छ ।

६।	आकस्मिक मर्मत संभारको लागि मर्मत संभार कोषको ब्यवस्था गरी सञ्चालनमा ल्याइनेछ।

७	यस नगरपालिका क्षेत्रभित्र रहेको ऐलानी, पर्ती तथा अन्य सार्वजनिक जग्गा, धार्मिक साँस्कृतिक सम्पदा लगायतका सार्वजनिक स्थानको संरक्षण गर्ने तथा सार्वजनिक स्थान र सडकको क्षेत्राधिकार भित्र भएको अतिक्रमन र राखिएका ब्यक्तिगत सामाग्री हटाइने नीति लिइने छ।

८।	नगरपालिका स्थापना काल देखि नै भाडाको घरबाट सेवा प्रवाह हुदै आईरहेकोमा आगामी आ.व.०८२।०८३ मा स्थान,जग्गा पहिचान गरि आफ्नै प्रशासनिक भवन बनाउन आवश्यक पहलि कदम गरिने छ । साथै वडा  कार्यालय नं ५ र ७ को समेत आफ्नै भवन बनाउन श्रोतको ब्यवस्थापन गरिने छ ।

९।	यस नगरपालिका भित्र भवन निर्माण मापदण्ड कडाईका साथ लागू गरिनेछ। घर नक्सा अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१०।	नगरका पोखरी तथा पार्क लायकका स्थानहरुको जिर्णोधार गरी रमणीय पर्यटकीय क्षेत्रको रुपमा विकास गरी बहुउपयोग गर्ने नीति लिइने छ।

११।	सिचाईका मुहानहरु सुक्दै गएको वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी सिचाई बाँध तथा पैनीहरुको मुहान संरक्षण, मर्मत संभार गरी परम्पागत सिचाई प्रणालीको संरक्षण गरिनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट यस कार्यको लागि परिचालन गरिनेछ।

१२।	सबै वडाहरुमा कृषि लाईनको विस्तार तथा आधुनिक सोलर पम्पको व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

१३।	कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न निर्वाहमुखी कृषि प्रणालीलाई ब्यवसायिककृषि प्रणालीमा रुपान्तरण गर्ने नीति लिइने छ। यसका लागि किसानलाई प्रत्यक्ष लाभ हुने समयमै उन्नत वीउ विजन, मल, प्राविधिक सेवा तथा अन्य आवश्यक सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्नुका साथै वस्तुपरक आधारमा अनुदान सहयोग उपलब्ध गराइनेछ।

१४।	पशुको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि प्रभावकारी पशु सेवा कार्यक्रम, नश्ल सुधार कार्यक्रम तथा अनुवाशिंक श्रोतहरुको संरक्षण गर्ने नीति लिइनेछ।

१५।	बहुदरमाई नगरपालिका क्षेत्रभित्रका किसानहरुका साना तथा ठुला पशुहरुको विमा गर्ने नीति लिईनेछ ।

१६।	यस नगरपालिका भित्रका परम्परागत सीप तथा उधमको प्रबर्द्धन, व्यवसायीकरण एवं बजारीकरणलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१७। बैदेशीक रोजगारबाट फर्केका व्यक्तिको सामाजिक विप्रेषनलाई पहिचान र प्रमाणिकरण गरी उधमशिलता विकासमा परिचालन गर्ने नीति लिईनेछ ।

१८। युवा उधमीलाई स्वदेशमा उधम गर्न आकर्षित गर्न आर्थिक तथा प्राविधिक प्रोत्साहनको कार्यक्रम संचालन गरिनेछ ।

१९। यस नगरपालिकामा एक घर एक रोजगारको नीति लागु गरिनेछ । यसका लागि आर्थिक रुपमा सक्रिय उमेरका नागरिकलाई स्थानीय उधम र व्यवसायमा आबद्ध गरी रोजगारी तथा स्वरोजगारीको अवसर सिर्जना गरिनेछ ।

२०। लघु, घरेलु तथा साना उधोगहरुको प्रवर्द्धन गर्ने नीति लिइनेछ। स्थानीय उत्पादनलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन प्रोत्साहनको ब्यवस्था गरिनेछ।

२१। स्थानीय समुदाय तथा निजी क्षेत्रसँग सहकर्य गरी आर्थिक विकास तथा पर्यटन क्षेत्रमा योगदान पुर्याउने होटेल, रेष्टुराँ, बजार एवम अन्य व्यापार व्यवसायहरुलाई सञ्चालन गर्न आवश्यक पर्ने पुर्वाधर निर्माण गरिनेछ ।

२२। उधोगी, व्यवसायी तथा स्थानीय समुदायसंगको सहकार्यमा स्थानीय सामाजिक र साँस्कृतिक परिवेश अनुसार मेला, महोत्सव र हाटबजारको आयोजना गरि बजार तथा व्यवसाय प्रबर्द्धन गरिनेछ ।

२३। स्थानीय ब्यापार र उधोग ब्यवसायलाई नगरपालिकामा दर्ता हुन प्रोत्साहन गर्न निजी क्षेत्रका संघ संस्थासँग सहकार्य गरिनेछ।

२४। पर्यटन प्रबर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न यस नगरपालिकालाई धार्मिक तथा साँस्कृतिक पर्यटकीय नगरीको रुपमा विकास गरिनेछ ।बहुदरमाई मन्दिर, तिलावे ब्यारेज लगायत अन्य संभावित स्थानलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्न पहल गरिनेछ।

२५। नगरका खाली पर्ति जग्गा एवं मुख्य तथा सहायक सडकहरुमा हरियो बहुदरमाई रमणिय बहुदरमाई नारालाई सार्थक बनाउन बृक्षारोपण गरिने छ ।

२६। यस नगरपालिकाको ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका सम्पदा लगाएत मठ, मन्दिर, भाषा , संस्कृति, परम्परा, मेला, महोत्सव आदिको संरक्षण तथा सम्बर्द्धन गर्ने नीति लिईने छ । बहुदरमाई नगरपालिकाको ईतिहास, सँस्कृति, मौलिक परम्परा, पर्यटकीय स्थल, विकास निर्माण आदि समेटी डकुमेन्ट्री, तस्वीर, चित्रकथा निर्माण गर्नुका साथै स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ ।

२७। विद्यालयको पुर्वाधार तथा शैक्षिक वातावरणलाई स्वच्छ, अनुशासित र मर्यादित बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने नLति लिइनेछ ।

२८। मधेश विश्वविधालयको भौतिक संरचना यथाशक्य चाँडो निर्माण गर्न पहलकदमी गरिने छ ।

२९। नगरपालिकामा रहेको ६ वटा मा.वि.र एउटा नि.मा.वि. विद्यालयहरुमा ICT lab को स्थापना र School Management system Software को प्रयोगलाई अझ बढी सुदृढ बनाई सूचना प्रविधिमा आधारित शिक्षण सिकाईलाई प्रभावकारी बनाईने छ ।

३०। न्यून आन्तरिक आय भएका सामुदायिक विद्यालयहरुको शैक्षिक ब्यवस्थापन तथा विधुत महशुल भुक्तानी गर्न नगरपालिकाले अनुदान सहयोग गर्ने नीति लिइनेछ।

३१। पूर्ण रुपमा अँग्रेजी माध्यमबाट पठनपाठन गराउने समुदायिक विधालयलाई विशेष प्रोत्साहनको ब्यवस्था गरिनेछ।

३२। विधालयहरुको कक्षाकोठामा मोबाइल प्रयोग गर्न निषेध गरिनेछ।

३३। विद्यार्थीहरुको शैक्षिक मुल्याङ्कनमा अतिरिक्त क्रियाकलापको मुल्याङ्कनलाई समेत आवद्ध गरिनेछ । यसका लागि सबै सामुदायिक विद्यालयहरुमा बर्षै भरी अतिरिक्त क्रियाकलाप संचालन गर्ने नीति लिईने छ ।

३४। प्रत्येक मा.वि. र नि.मा.वि. मा किशोरीहरुले निशुल्क स्यानिटरी पैड प्रयोग गर्नका लागि छुट्टै Hygiene Room को ब्यवस्था गरिनेछ।

३५। सबै सामुदायिक विधालयहरुमा विधालय ब्यवस्थापन समिति गठन गरिनेछ।शिक्षण सिकाई पद्धति र विधालय ब्यवस्थापनको प्रभावकारिता र गुणस्तरीयतालाई मुल्याङ्कन गरी पुरष्कृत तथा दण्डित गर्ने प्रणालीको विकास गरिनेछ।

३६। यस नगरपालिकाका छात्रा / छात्रहरुलाई छात्रवृति उपलब्ध गराउन आवश्यक कार्यविधि निर्माण गरी छात्रवृति कोषको ब्यवस्था गरिनेछ।

३७। नगरपालिकाबाट विधालयहरुमा पठाईने सशर्त अनुदान अन्तर्गतका कार्यक्रम जस्तै दिवाखाजा, पाठ्यपुस्तक,छात्रवृति आदिको नियमित अनुगमन गरी कार्यान्यिवनमा प्रभावकारीता ल्याईने छ ।

३८। यस नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्न अभियान सञ्चालन गरिनेछ।

३९। यस नगरपालिकाका जेहेन्दार विधार्थीहरुका लागि निशुल्क लोक सेवा आयोग तथा शिक्षा सेवा आयोगको लागि तयारी कक्षा संचालन गरिनेछ।

४०। बहुदरमाई नगरपालिकामा सञ्चालन भइरहेको स्वास्थ्य LAB बाट प्रदान भइरहेको सेवालाई सूचना प्रविधिमा आधारित र थप प्रभावकारी बनाईनेछ। सबै उमेरका क्षयरोगी र कुष्ठ रोगीहरुलाई निशुल्क लैब परीक्षण र नियमित चेकजाँचको ब्यवस्था गरिनेछ।

४१। स्वास्थ्य संस्थाहरुमा सफ्टवेयरको प्रयोग गरी विरामी सूचना ब्यवस्थापन, appointment, प्रयोगशाला, स्वास्थ्य बीमा, बिलिङ्ग र भुक्तानी, कर्मचारी ब्यवस्थापन, स्वास्थ्य ट्रेकिङ्ग र सुरक्षित स्वास्थ्य सन्देश प्रवाह लगायतका कार्यक्रम मार्फत स्वास्थ्य सेवालाई विश्वसनीय र प्रभावकारी बनाइनेछ।

४२। यस नगरपालिकाबाट USG सेवाप्रदान गर्न नगरपालिकाको तर्फबाट एउटा डाक्टरको व्यवस्था गरीनेछ ।गर्भवती महिलाहरुलाई निशुल्क USG सेवा उपलब्ध गराइनेछ।

४३। आँखाका बिरामीहरुको चेकजाँच गराउन निशुल्क आँखा शिविर सञ्चालन गरिनेछ। नगर भरिका प्रत्येक वडामा स्वास्थ्य शिविर र रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ।

४४। नगरपालिका भित्रका जटिल प्रकृतिका दिर्घरोगी जस्तैः- सबै प्रकारका क्यान्सर, मृगौला, मुटू , मेरुदण्ड सम्बन्धी रोग भएका विरामीहरुलाई दिईंदै आईरहेको सेवा सुविधा तथा आर्थिक सहायतालाई निरन्तरता दिईने छ ।दीर्घ रोगीहरुकालागि नेपाल सरकारबाट दिईंदै आइएको उपचार खर्चलाई समयमा नै भुक्तानी गर्ने ब्यवस्था मिलाइनेछ।

४५। यस नगरपालिका क्षेत्रभित्रका विरामीहरुको लागि नगरपालिकाको एम्बुलेन्स सेवालाई थप ब्यवस्थित र सर्वसुलभ बनाउँदै गर्भवती महिलाहरुका लागी निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिनेछ।

४६। बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने नीति लिईने छ। ५ वर्ष मुनिका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउनका लागि आवश्यक पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

४७। क्षयरोग मुक्त नेपाल कार्यक्रम अन्तर्गत क्षयरोग मुक्त पालिका घोषणा गरिने छ ।

४८। नेपाल सरकारबाट प्रदान गरिने निःशुल्क स्वास्थ्य सेवा तथा निःशुल्क औषधीमा नगरपालिकाको तर्फबाट थप औषधी निशुल्क रुपमा उपलब्ध गराइने छ । ६० वर्ष माथिका दीर्घरोगीहरुको रोस्टर नामावली तयार गरी निशुल्क नियमित चेकजाँच, ल्याब परीक्षण तथा औषधी उपलब्ध गराइनेछ।

४९। १५ शैयाको नगर अस्पतालको डिपीआर तयार भईसकेकोले त्यसको निर्माणको लागि आवश्यक जग्गा अस्पतालको नाममा दर्ता गराई निर्माण कार्य आगामी आ.व.०८२।०८३ मा अगाडी बढाईने छ । .

५०। यस नगरपालिकाका बिरामीहरुका लागि निशुल्क रुपमा रगत उपलब्ध गराउन जिल्ला रक्त सञ्चार केन्द्रसँग भएको सम्झौतालाई निरन्तरता दिइनेछ।

५१। आयुर्वेदिक एंव प्राकृतिक चिकित्सा प्रणालीको बिस्तार गरिने छ । आम नागरिकलाई योगाभ्यास र शारीरिक ब्ययाम सहितको सक्रिय जीवन पद्धति अपनाउन प्रेरित गरिने छ । यसको लागि सबै वडा सम्म ब्ययामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न पहल गरिने छ ।

५२। स्वास्थ्यकर्मी र महिला स्वयमसेविकाहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।

५३। नगरवासीका लागि दिगो, स्वच्छ र शुद्ध खानेपानीको ब्यवस्थापन गर्न आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

५४। सरसफाई सम्बन्धी ब्यवहारमा परिवर्तन गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५५। लैण्ड फिल साइट ब्वस्थापनका लागि आवश्यक पहल गरिनेछ।

५६। प्रत्येक वडाका मुख्य तथा सहायक नालाहरु निरन्तर रुपमा सफाई गरिने कार्यलाई निरन्तरता दिईने छ । यसका लागि प्रधानमंत्री रोजगार कार्यक्रमको श्रोत नपुग भएमा नगरपालिकाको श्रोतबाट ब्यवस्थापन गरिने छ ।

५७। रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक र प्राविधिक सहायकहरुको करार सेवालाई निरन्तरता दिईने छ ।

५८। सहकारी संस्थाको दर्ता नियमन र प्रबर्द्धन गरिने कार्यलाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ । साना तथा मझौला व्यवसायमा संलग्न व्यक्ति वा समुहलाई सहकारीमा आबद्ध गराई आत्मनिर्भर बनाईने छ । सहकारी संस्थाको संस्थागत क्षमता अभिबृद्धिका लागि एकिकरण गर्ने नीति लिईनेछ ।

५९। यस नगर भित्रका किसानहरुलाई आवश्यक पर्ने विउ विजन र रसायनिक मल आपुर्तिका लागि आवश्यक्ता अनुसार सहकारी संस्थाहरुलाई परिचालन गरिने छ ।

६०। नगरका किसानहरुलाई आयमुलक तालिम, कृषि उत्पादनको प्रदर्शनि तथा नर्सरी ब्यवस्थापन जस्ता कार्यक्रमहरु आ.व.२०८२।०८३ मा संचालन गरिने छ ।

६१। नगर क्षेत्रिभत्रका सहकारी संस्थाहरुलाई CO-POMIS प्रणालिमा अनिवार्य रुपमा आबद्ध गराईनेछ ।

६२। यस नगरपालिका क्षेत्र भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको बचत व्याज दर तथा ऋणको ब्याज दरमा एकरुपता ल्याउने नीति लिईनेछ । यस क्षेत्रबाट परिचालन हुने बचत तथा ऋणको सुरक्षाको लागि आवश्यक नीतिगत र संस्थागत प्रबन्ध मिलाइनेछ।

६३। विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरि महिला शसक्तिकरण, क्षमता विकास एंव सिप विकास सम्बन्धि कार्यक्रमहरु संचालन गरिने छ ।

६४। बालमैत्रि स्थानिय शासनको अवधारणालाई संस्थागत गर्ने निति लिईनेछ । बालबालिका तथा बाल संजालको क्षमता अभिबृद्धि हुने किसिमको कार्यक्रमहरु संचालन गरिने छ ।

६५। ज्येष्ठ नागरिक, अपांगता भएका ब्यक्तिहरुका लागि सामाजिक पहिचान, सम्मान, सामाजिक सुरक्षा तथा सुविधा प्रदान गरिने कृयाकलापहरु नगरपालिकाबाट समचालन गरिने छ ।

६६। दलित, आदिवासि जनजाति, मधेशि, मुस्लिम , पिछडावर्ग ,तेस्रो लिंगी लगायतका वर्गहरुको हक अधिकार, पहिचान, संरक्षण , शसक्तिकरण लगायतका कृयाकलापहरु संचालन गरिने छ ।

६७। आगामी आ.व.०८२।०८३ मा कम्तिमा ६०० जना भुमिहिन,सुकुम्बासी, अब्यवस्थित बसोबासीहरुलाई भुमि आयोग पर्सा कार्यालयसंग समन्वय गरि जग्गाको लालपुर्जा बितरण गरिने छ । .

६८। आगलागिका घटनामा राहत पुर्याउन आगामि आ.व.०८२।०८३ मा १ थान वारुण यन्त्र ब्यवस्थापन गर्न संघिय सरकार,प्रदेश सरकार तथा भारतीय दुतावाससंग सहयोग गर्न पहलि कदम गरिने छ ।

६९। नगर भित्रका युवा क्लब, बाल क्लब, आमा समुह जस्ता सामाजिक संस्था र संगठित समुहहरुको क्षमता विकास गरी स्थानीय विकास र सामाजिक सेवामा परिचालन गरिनेछ।

७०। बाल विवाह, महिला हिंसा, लागु औषध दुर्ब्यसन, छुवाछुत तथा जातीय विभेद लगायत अन्य सामाजिक विकृति नियन्त्रण गर्न विधालय र समुदाय स्तरबाट सचेतना फैलाउन आवश्यक जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि स्थानीय सञ्चार माध्यमको प्रयोगलाई प्राथमिकता दिइनेछ।

७१। प्रत्येक वडामा खेलकुद पुर्वाधारको विकास गरी खेलकुद टोलीको निर्माण गरिनेछ र उक्त टोलीहरुलाई आवश्यक्ता अनुसार खेलकुद सामाग्री वितरण गर्ने नीति लिइनेछ। सामुदायिक बिधालयका छात्राहरुलाई आत्मरक्षा सम्बन्धि तालिमको ब्यवस्था गरिने छ।

७२। प्रादेशिक, राष्ट्रिय, तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिन सफल नगर भित्रका खेलाडि तता जित हासिल गराउन सहयोग पुर्याउने प्रशिक्षकहरुलाई पालिकाको तर्फबाट प्रोत्साहन र सम्मान गरिने छ ।

७३। बहुदरमाई नगरपालिकाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन योजना तर्जुमा गरिनेछ । बहुदरमाई नगरपालिकाका सबै पुर्वfधार निर्माणमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका अवधारणाहरुलाई आन्तरिकीकरण गरिनेछ ।

७४। तत्काल आगलfगिबाट बाच्नका लागि गाँउ, टोल स्थित पोखरी, तलाउ तथा ईनारहरुको संरक्षण र सम्बर्द्धन गरिनेछ । बाढी, आगलागी, चट्याङ्ग, लुह र शितलहरको प्रकोपबाट पीडित भएका असहाय व्यक्ति वा गरीब परिवारलाई राहत वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५। डेंगि , मलेरिया जस्ता लामखुट्टेबाट सर्ने रोगबाट बच्न एरिया पहिचान गरि अन्तरंग अवशिष्ट विषादी छिड्काउ (TIRS) Targeted Indoor Residual Spraying) गरिने छ ।

७६। न्यायीक समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गरी विवादको कारवाही र किनारालाई प्रभावकारी बनाइनेछ। प्रत्येक वडामा मेलमिलाप केन्द्रको स्थापना गरी स्थानीय विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रोत्साहन गरिनेछ।

७७। स्थानीय असल अभ्यासको प्रशारण तथा विकृति विसङ्गति विरुद्ध खबरदारी गरी पार्दशीता र उत्तरदायित्व बढाउन स्थानीय सञ्चार माध्यमसँग साझेदारी प्रवर्द्धन गरिनेछ। स्थानीय सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुको प्रोत्साहनको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

७८। यस नगरपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सूचना प्रविधिको उपयोग मार्फत गुणस्तरीय, जनमैत्री र प्रभावकारी सेवा प्रवाह गरी सेवाको समय र लागत घटाई एवम गुणस्तर अभिवृद्धि गरी पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरिनेछ।

७९। कर्मचारीहरुको क्षमता विकास गरि कार्य सम्पादनको गुणस्तर अभिबृद्दि गरिने छ । उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरष्कृत गर्ने नीति लिइने छ।

८०। कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गरिनेछ। साथै सामाजिक सुरक्षा कोषमा आवद्व गर्न कार्यालयको तर्फबाट बजेट ब्यवस्थापन गरिने छ । साथै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास गर्न समय समयमा तालिम, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

८१। कर्मचारी तथा पदाधिकारीहरुको स्वास्थ्य विमा गर्न आवश्यक पहली कदम गरिने छ ।

८२। बहुदरमfई नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र जनमुखी बनाउन कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरी नतिजामा आधारीत कार्यसम्पादन मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ । सबै तहका सेवा करारका कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कनको आधारमा सेवालाई निरन्तरता वा भंग गर्ने नीति लिइनेछ।

८३। नगरपालिकाले कार्यसम्पादन गर्दा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले निर्धारण गरेको कार्यसम्पादन सूचक, LISA र FRA मा उच्च अङ्क प्राप्त गर्ने गरी प्रक्रिया र कार्यविधि अवलम्बन गरिनेछ।

८४। विकास निरण र सेवा प्रवाहमा सुशासन कायम गर्न चौमासिक रुपमा सार्वजनिक सुनावाई, वार्षिक समीक्षा, सामाजिक परीक्षण, गुनासो पेटिका र गुनासो सुनुवाई जस्ता सामाजिक उत्तरदायित्वका अभ्यासलाई प्रभावकारी बनाइने छ। प्रत्येक सार्वजनिक निर्माणहरुमा अनिवार्य रुपमा सार्वजनिक लेखा परिक्षण गरिने व्यवस्थालाई निरन्तरता दिइने छ ।

८५। उपभोक्ता समिति मार्फत निर्माण हुने आयोजनामा उपभोक्ताको नगद लागत जनसहभागिता सुनिश्चत गर्ने नीति लिइनेछ। निर्माणको गुणस्तर र आयोजनाको मर्मत संभारकालागि सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार र उत्तरदायी बनाइनेछ।

८६। कार्यालयको अनुत्पादक र फिजुल खर्चलाई निरत्साहित गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ। चालु खर्चलाई पुँजीगत खर्चसँग आवद्ध गरी गैर बजेटरी खर्चलाई न्यूनीकरण गरिनेछ।

८७ वार्षिक बजेट तर्जुमा गर्दा जनताको आय आर्जन, रोजगारी वृद्धि, पूँजी वृद्धि हुने पुर्वाधार निर्माण, गरिवी निवारण तथा राष्ट्रिय र प्रादेशिक लक्ष्यमा प्रत्यक्ष योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरुमा साधन विनियोजन गरिनेछ। नगरपालिका तथा वडाबाट वितरण गरिने सामाग्री र सहायताको लागि कर्यविधि निर्माण गरी उक्त कार्यविधिले पहिचान गरेको लक्षित वर्ग र निर्धारण गरेको प्रक्रियालाई अनिवार्यरुपमा अवलम्बन गर्ने नीति लिइनेछ।

८८। राजस्व सम्भाब्यताको अध्ययनबाट प्राप्त सुझाव अनुसार कर लागाउन सक्ने सबै क्षेत्रको पहिचान गरी नगरबासीहरुलाई बोझ नहुने र सर्वस्वीकार्य हुने करको दर कायम गरी दायरा विस्तार गर्ने नीति लिईनेछ। साथै सार्बजनिक पोखरी, जग्गा, पार्कहरुको खोजि गरि आन्तरिक राजस्व बढावाका लागि ठेक्का बन्दोबस्ती गरिने छ ।

८९। वार्षिक रू. १ लाख भन्दा बढी कर तिर्ने कारदाताहरुको अभिलेख राखी निजहरुलाई सम्मान गरिनेछ।

९०। सार्वजनिक खर्चमा आर्थिक अनुशासन कायम गर्दै शुन्य बेरुजु हुने गरी खर्चको लेखाङ्कन गर्ने निति लिइनेछ। बहुदरमाई नगरपालिकाको महालेखा परिक्षणबाट देखीएका हाल सम्मको बेरुजु फर्छौट गर्न आवश्यक प्रकृया अघि बढाईने छ।

९१। नगरपालिका स्तरबाट गरिने बितरण मुखि कार्यको कार्यविधि बनाई उक्त कार्य लागत सहभागितामा गर्ने निति तय गरिने छ।

९२। यस नगरपालिकाको लागी आवश्यक पर्ने ऐन,नियमावली,निर्देशिका र कार्यविधिहरुलाई परिमार्जन गर्दै समय सापेक्ष बनाइनेछ।

९३। सुशासन ऐन २०६४ तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुरुप यस नगरपालिकाको कार्यहरु जनता समक्ष पारदर्शि रुपमा प्रस्तुत गरि जानकारी उपलब्ध गराउन सार्वजनिक सुनवाई तथा सामाजिक परिक्षण जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

९४। माथि उल्लेखित निति तथा कार्यक्रमहरु कार्यवन्यन गर्न यस पालिकालाई आ.व.२०८२।०८३ मा तपसिल अनुसारको अनुमाणित अनुदानहरु प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

तपसिलः

| क्र.सं. | आय शिर्षक | प्रस्तावित आय रकम |
|---|---|---|
| १ | संघीय सरकार समानीकरण अनुदान | ११७७०००००।०० |
| २ | संघीय सरकार सर्शत अनुदान | २१६४०००००।०० |
| ३ | संघीय सरकार विशेष अनुदान | ९९००००।०० |
| ४ | संघीय सरकार सम्पूरक अनुदान | १०५००००००।०० |
| ५ | संघीय राजस्व वांडफांड (अनुमानित) | ९७६०००००।०० |
| ६ | प्रदेश सरकार समानीकरण अनुदान | ८२०६०००।०० |
| ७ | प्रदेश सरकार सर्शत अनुदान | ९५०००००।०० |
| ८ | प्रदेश सरकार विशेष अनुदान | ३००००००।०० |
| ९ | प्रदेश सरकार सम्पूरक अनुदान | २००००००।०० |
| १० | प्रदेशसरकार(मधेश प्रदेश)राजस्ववांडफांड अनुमाणित | ३६४०००००।०० |
| ११ | आन्तरीक स्रोतबाट (मालपोत रोयल्टी,बैंक मौज्दात अन्य समेत अनुमाणित) | १०५००००००।०० |
| १२ | जि.स.स.बाट कार्यक्रम संचालन अनुदान | ०।०० |
| १३ | एलजिसिडिपि कार्यक्रम अनुदान | ५००००००।०० |
| १४ | सडकबोर्ड नेपाल कार्यक्रम | ५८०००००।०० |
| जम्मा: | | ४९,५२,४६,०००।०० |

संघिय सरकार, प्रदेश सरकार,अन्य बैदेशिक सहयोग तथा आन्तरिक श्रोत समेत गरि प्राप्त बजेटहरुलाई तपसिल अनुसारको विषयगत क्षेत्रहरुमा विनियोजन गरिने छ ।

तपसिलः

१.आर्थिक विकास ( कृषि,सिचाई,पर्यटन,उधोग ब्यवसाय,पर्यटन,सहकारी) रकम रु.३,२५,७५,०००।००

२. सामाजिक विकास (शिक्षा,स्वास्थ्य,खानेपानी सरसफाई,संस्कृति प्रवर्धन, महिला तथा बालबालिका,अपांग,ज्येष्ठ नागरिक) रकम रु.२१,२५,८०,०००।००

३.पुर्वाधार विकास ( सडक,पुल,भवन,उर्जा,संचार,जलबिधुत, अन्य भौतिक पुर्वाधार ) रकम रु.१४,८४,११,०००।००

४. वन,वातावरण,तथा विपद ब्यवस्थापन ( वन तथा भु जलाधार संरक्षण,जलवायु परिवर्तनका कार्यक्रम,जल उत्पन्न प्रकोप नियन्त्रण,फोहरमैला ब्यवस्थापन, प्राकृतिक तथा दैविक प्रकोप जस्ता नियन्त्रण र सहयोग कार्यक्रम) रकम रु.६५,००,०००।००

५. सुशासन तथा संस्थागत विकास ( संगठन,मानव संशाधन,संस्थागत विकास,बितिय ब्यवस्थापन, अन्य) रकम रु.९,५१,८०,०००।००

९५ । अन्तमा यस निति तथा कार्यक्रम तर्जुमा कार्यमा राय, सुझाव, दिनुहुने सम्पुर्णमा हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । साथै यसको तयारीमा खटिने कर्मचारी तथा पदाधिकारीहरुलाई समेत धन्यवाद ब्यक्त गर्दछु ।

धन्यवाद ।

बहुदरमाई नगरपालिकाको तेह्रौ नगर सभा

दोस्रो बैठक

मिति २०८२।०५।.२२ गते

वैठकका कार्यसुचीहरु

१. तेह्रौ नगर सभामा प्रस्तुत नीति, कार्यक्रम र बजेट स्वीकृत गर्ने ।

२. बजेट मार्गदर्शन बमोजिम वडागत, नगरस्तरीय कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

३. आ.व.२०८२।०८३ को आर्थिक ऐन तथा विनियोजन विद्येयक पेश गर्ने, दफाबार छलफल गर्ने र स्वीकृत गर्ने।

४. सभा सम्पन्न गर्ने ।

**नेपालको संविधान २०७२ को भाग १८ धारा २२३ बमोजिम गठित तेह्रौ बहुदरमाई नगरपालिकाको सभाबाट भएका निर्णयहरुः**

**निर्णय नं.१**

तेह्रौ नगर सभा प्रारम्भमा नगर उप प्रमुख सुष्मा कुमारी कुशवाहाको तर्फबाट २०८२।०३।१० गते प्रस्तुत नीति, कार्यक्रम र बजेटलाई स्वीकृत गरियो ।

**निर्णय नं.२**

बहुदरमाई नगरपालिका अन्तर्गत रहेका विषयगत शाखाहरु शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला विकास, उर्जा वातावरण सरसफाई र बहुक्षेत्रीय पोषण कार्यक्रम लगायत सम्पुर्णको गत आ.व.को समिक्षा र आगामी आ.व. २०८२।०८३ को लागि कार्यक्रम तथा बजेट सम्वन्धमा दफावार छलफल भई विषयगत शाखाहरुलाई नेपाल सरकारबाट प्राप्त सशर्त बजेट तथा कार्यक्रम तोकी आए बमोजिम संचालन हुने र सो बाहेक यस नगरपालिकालाई प्राप्त वित्तीय समानीकरण बजेट र आन्तरिक स्रोतबाट थप व्यहोर्ने गरी तपसिल अनुसारको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । साथै विषयगत शाखाहरुलाई विनियोजन गरिएको रकम बराबरको कार्यक्रमहरु आवश्यक्ता अनुसार तय गरि कार्यान्वयन गर्ने अधिकार नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

बहुदरमाई नगर कार्यपालिकाको आ.ब.२०८२।०८३ को लागि लागु गर्नू पर्ने कर, दस्तुर, सेवा शुल्क र राजस्वका सम्भावित अन्य श्रोत सम्वन्धमा सवै तह तप्काबाट आएका राय सुझाव र स्थानीय राजस्व परामर्श समितिबाट प्रस्ताव भएका कर, दस्तुर, सेवा शुल्क र राजस्वका अन्य श्रोत समेतलाई समेटेको आर्थिक विद्येयक उपर दफाबार छलफल भइ आएको तपसिल अनुसारको आर्थिक ऐन स्वीकृत गरियो ।

## बहुदरमाई नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८२

प्रस्तावना :

बहुदरमाई नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनको निमित्त स्थानीय कर,दस्तुर, शुल्क, जरिवाना समेत संकलन गर्ने, छुट दिने तथा अन्य आयको संकलनको प्रशासनिक व्यवस्था वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम बहुदरमाई नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम**"बहुदरमाई नगरपालिकाको आर्थिक ऐन, २०८२** "रहेको छ। २०८२ श्रावण देखि उठाइएका कर, दस्तुर सेवा शुल्क यसै बमोजिम उठाएको मानिने छ ।

२. यो विधेयक बहुदरमाई नगरपालिका क्षेत्रमा आर्थिक बर्ष २०८२।०८३ को लागि लागु हुनेछ ।

१। सम्पति करः नगरपालिकाको क्षेत्र भित्र अनुसूचीमा उल्लेख भए बमोजिम सम्पति कर लगाइने र असूल उपर गरिने छ ।

२। भूमिकर (मालपोत) :नगरपालिका क्षेत्रभित्र अनुसूचीमा उल्लेख भए बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिने छ ।

३। घर जग्गा बहाल कर : नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर,जवा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम घरजग्गा वहालकर लगाइने र असूल गरिने छ ।

४। व्यवसायकरःनगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा,होटल,रेस्टुरेन्ट तथा रिसोर्टमा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचीमा उल्लेख भए बमोजिम व्यवसायकर लगाइने र असूल उपर गरिने छ ।

५। जडिबुटी, कवाडी र जीवजन्तुकरः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचीमा उल्लेख भए बमोजिमको कर लगाइने र असूल उपर गरिने छ ।

६। सवारी साधन करः नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचीमा उल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७। विज्ञापनकरः नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचीमा उल्लेख भए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८। मनोरन्जनकरः नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचीमा उल्लेख भए बमोजिम व्यवसायकर लगाइने र असुल उपर गरिने छ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९। बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचीमा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिने छ ।

१०। पार्किङ शुल्कः नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचीमा उल्लेख भए बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ ।

११। सेवाशुल्क, दस्तुरः नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचीमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिने छ ।

१२। पर्यटन शुल्कः नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचीमा उल्लेख भएको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३। करछुटः तोकिए बमोजिम बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिईने छैन ।

१४। कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१५। अनुसुचीमा उल्लेख नभएका दरहरूको हकमा साविकमा कायम रहेको करको दर कायम हुनेछ । साविकमा समेत उल्लेख नभएको क्षेत्रमा नगर कार्यपालिकाले करको दर कायम गरी लागू गर्नेछ ।

१६। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ अनुसार प्रदेश र नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर, निर्धारण तथा वाडफाड ऐनमा तोकिए बमोजिम हुने छ ।

## अनुसुची १

बहुदरमाई नगरपालिकाले आ.व.२०८१।०८२ का दररेटहरु पूनरावलोकन गरि आ.ब.२०८२।०८३ मा निम्न अनुसार कर, शुल्क, दस्तुर, राजश्वका दरहरु निर्धारण गरिएको छ ।

१.स्थानीय कर :-

१.१ सम्पति कर : कार्यपालिकाले तोक बमोजिम हुने ।

सम्पतिकरमा लागु हुने संरचनाको मूल्यांकनदर :-

| क्र.सं. | संरचनाको प्रकार | प्रति वर्ग फिट मूल्य रु. | प्रति वर्ष टुटफुट कट्टी % | ह्रास कटी गरीने वर्ष |
|---|---|---|---|---|
| १ | ढुंगा वा इटाको पर्खाल प्रति रनिङफिट | कार्यपालिकाले तोके बमोजिम | कार्यपालिकाले तोके बमोजिम | - |
| २ | भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, भिंगटी,टायल, एसबेस्टसको छाना भएको घर | | | २५ वर्ष |
| ३ | भित्र बाहिर पाको ईटा वा ढुङ्गामा माटोको जोडाई भई भित्र बाहिर सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सि.सि.वा आर.वि.सि.) गरिएको वा जस्ता, टायल, भिंगटी, एसबेस्टसको छाना भएको घर | | | ३० वर्ष |
| ४ | भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लास्टर गरी छाना ढलान ( आर.सि.सि.वा आर.वि.सि.) गरिएको घर | | | ७० वर्ष |
| ५ | आर.सि.सि.फेम स्ट्रेक्चरमा लिफ्ट/एक्सलेटर जडान भएको घर | | | १०० वर्ष |
| ६ | स्टील फेम स्ट्रक्टर, फविङट्रस, फाईवर वा यस्तै संरचना | | | - |

जग्गाको मूल्याङ्कनको हकमा मालपोतको स्वीकृत दररेटमा नघटने गरी मूल्याङ्कन समितिको सिफारिस समेतकाआधारमा स्वयं घोषणा प्रणाली अनुसार मूल्याङ्कन गरिने छ ।

१.२ भूमीकर (मालपोत)

### धनहर तर्फको मालपोत :

| मालपोत | अृवल | दोयम | सिम | चाहर |
|---|---|---|---|---|
| आ.व.२०८२।०८३ | आ.व.२०८२।०८३ | आ.व.२०८२।०८३ | आ.व.२०८२।०८३ | आ.व.२०८२।०८३ |
| प्रतिकठा १ को | रु.१२।- | रु.११।- | रु.१०।- | रु.०९।- |

१.३ घर जग्गा बहाल कर :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | घर धनीबाट बहाल रकमको (सम्झौता अनुसार) | १० % |

१.४ व्यवसाय कर :

### व्यवसाय करको दररेट

| सि.नं. | व्यवसायको नाम | आ.व. २०८२।०८३ |
|---|---|---|
| १ | चुरोट विक्रेता | १०००।- |
| २ | रक्सी | |
| | क.श्रेणी मदिरा, कोक, फेन्टा एजेन्सी | १०००। |
| | ख.श्रेणी ,माछा,मासु मदिरा पसल | ५००।- |

| | | |
|---|---|---|
| ३ | सुन चादी पसल | |
| | क.श्रेणी २ लाख भन्दा माथी | १०००।- |
| ४ | भिडीयोक्यासेट,सि.डी. रेकर्डर ,मोबाईल मर्मत तथा विक्रेता | १०००।- |
| ५ | निर्माण सामग्री पसल (हार्डवेयर) | |
| | क.श्रेणी २ लाख भन्दा माथी | १०००।- |
| | ख.श्रेणी २ लाख सम्म | ५००।- |
| ६ | हार्ड वेयर फलाम एलेक्ट्रीक पसल | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।- |
| | ख.श्रेणी १ लाख सम्म | ५००।- |
| ७ | कम्प्यूटर टि.भी.मोवाईल कैमरा पसल | ५५०।- |
| ८ | इलेक्ट्रीक पसल | |
| | क.श्रेणी ५०हजार भन्दा माथी | १०००।- |
| | ख.श्रेणी ५० हजार सम्म | ५००।- |
| ९ | कारपेट | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।- |
| | ख.श्रेणी १ लाख सम्म | ५००।- |
| १० | पेट्रोलियम पदार्थ | |
| | क.श्रेणीडिजल,मटीतेलपेट्रौल,मोविल भएको | ५०००।- |
| ११ | किराना पसल | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।- |
| | ख.श्रेणी १ लाख सम्म | ५००।- |
| १२ | कपडा पसल | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।- |
| | ख.श्रेणी १ लाख सम्म | ५००।- |
| १३ | रेडीमेड कपडा पसल | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।- |
| | ख.श्रेणी १ लाख सम्म | ८००।- |
| १४ | सवारी साधन विक्रेता | |
| १५ | क.श्रेणी ट्रेक्टर विक्रेता | ५०००।०० |
| १६ | ख.श्रेणी मोटरसाईकल विक्रेता | ३०००।०० |
| १७ | विशषज्ञ,परामर्श तथा अन्य व्यवसायी | |
| | क. चिकित्सक,कविराज,दन्त,पशु चिकित्सक | १०००।०० |
| | ख.ईन्जिनियर पेशामा | १०००।०० |
| | ग.कानून व्यवसायी पेशामा | ७००।०० |
| | घ.लेखा परीक्षक पेशामा | ६५०।०० |
| | ङ. विमा एजेन्ट पेशामा | ६५०।०० |
| | च. सर्भेयर (अमिन पेशा )मा | ६५०।०० |
| १८ | निर्माण व्यवसायी ठेकेदार | २०००।- |
| १९ | उत्पादन मूलक उद्योग | १०००।- |
| २० | उर्जा मूलक उद्योग | १०००।- |
| २१ | कृषि तथा बन्य जन्य उद्योग | |
| | क.श्रेणी स:मिल (काठ चिरान ) | २५००।- |
| | खश्रेणी फर्निचर उधोग | १०००।- |
| २२ | गल्ला भण्डार | ५००। |
| २३ | पर्यटन उद्योग | |
| | क.श्रेणी होटल तथा लज(बास वस्ने) | १०००।- |
| | ख.श्रेणी लज ( वास वस्ने ) मात्र | ९००।- |

| | | |
|---|---|---|
| | ग श्रेणी होटल ( खाना खाने )भोजनालय | १०००।- |
| | घ.रेष्टुरेण्ट एण्ड वार | १५००।- |
| | ड.ट्राभल एजेन्सी | १०००।- |
| २४ | छापाखाना (प्रेस ) | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।- |
| | ख.श्रेणी १ लाख सम्म | ७००।- |
| २५ | चलचित्र सिनेमा हल | १५००।- |
| २६ | फोटोकापी स्टुडियो | |
| | क.श्रेणी फोटोकापी मसिन भएको | ५००।- |
| | ख.श्रेणी फोटो स्टुडियो | ४००।- |
| २७ | कसर उद्योग | २०००।- |
| २८ | संचार सेवा | |
| | क..छपाई तथा प्रकाशन | ५००।- |
| | ख.निजी क्षेत्रको टेलीफोन वुथ इन्टरनेट | ७००।- |
| | ग. निजी हुलाक कुरियर सेवा | ३००।- |
| २९ | वित्तिय सेवा | |
| | क आर्थिक कारोवार गर्ने बैक | १००००।- |
| | ख वित्तीय संस्था | ८०००। |
| | ग. विमा कम्पनी | ३०००।- |
| | घ. सहकारी संस्था | ५०००।- |
| ३० | स्वास्थ्य सेवा | |
| | क. गैर सरकारी अस्पताल | १०००।- |
| | ख. क्लिनिक तथा लैब | १५००।- |
| ३१ | शिक्षा सेवा | |
| | क निजी क्षेत्रका प्रा.स्कूल | ५०००।- |
| | ख ,, ,, मा. स्कूल | १५०००।- |
| | ग, तालिम तथा अनुसंधान केन्द्र | २०००।- |
| ३२ | मर्मत संभार सेवा | |
| | १.बस ट्रक ट्रेक्टर मर्मत पसल | २०००।०० |
| | २.कार,जिप,टेम्पो,टेक्सी मर्मत पसल | १५००।०० |
| | ३.मोटरसाईकल मर्मत पसल | १०००।०० |
| | ४. साईकल मर्मत पसल | ५००।०० |
| | ५. रेडियो टी.भी. मर्मत पसल | ७००।०० |
| | ६.घडी मर्मत पसल | ५००।०० |
| | ७. प्रेसरकुकर,गैसचुल्हा मर्मत पसल | ४००।०० |
| | ८. विद्युत सा.मर्मत पसल(घरवाईरिग) | ८००।०० |
| ३३ | अन्य सेवा | |
| | १. विज्ञापन सेवा | ३६०।०० |
| | २.बैदेशिक रोजगार | १०००।०० |
| | ३.स्वदेशी रोजगार | ३६०।०० |

| | | |
|---|---|---|
| ३४ | सूचीकार ( दर्जी टेलर पसल ) | |
| | क श्रेणी २ भन्दा बढी मेशिन भएको | ४००। |
| | ख.श्रेणी २ वटा मेशिनसम्म | २००।- |
| ३५ | हजाम पसल सैलुन | |
| | क श्रेणी व्यूटी पार्लर पसल | ५००।- |
| | ख.श्रेणी सैलुन ( हजाम पसल ) | १०००।- |
| ३६ | साईन बोर्ड वनाउने पेन्टर कलाकार | ५००।- |
| ३७ | मासु विक्रेता पसल | १०००।- |
| ३८ | फुल तथा विरुवा विक्री पसल | ५००।- |
| ३९ | सिसा प्लाई वोड पसल | |
| | क.श्रेणी १ लाख भन्दा माथी | ५००।०० |
| | ख.श्रेणी १ लाख सम्म | ३००।०० |
| ४० | स्टील तथा काष्ठ फर्निचर | |
| | क.श्रेणी १ लाख भन्दा माथी | २०००।०० |
| | ख.श्रेणी १ लाख सम्म | ५००।०० |
| ४१ | भाडा वर्तन पसल | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।०० |
| | ख.श्रेणी १ लाख सम्म | ४००।०० |
| ४२ | खिलौना गिफट उपहार पसल | ५००।०० |
| ४३ | केवुल नेट वर्क सर्भिस | २०००।०० |
| ४४ | जुत्ता चप्पल फैन्सी पसल | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।- |
| ४५ | जुत्ता चप्पल वनाउने पसल | २५०।- |
| ४६ | पुस्तक तथा स्टेशनरी पसल | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।- |
| ४७ | औषधी पसल जन स्वासथ्य एवं पशु सेवा | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १५००।- |
| ४८ | चश्मा पसल | २००।- |
| ४९ | फैन्सी तथा कस्मेटिक पसल | |
| | क.श्रेणी थौक विक्रेता १लाख भन्दा माथि | १०००।- |
| | ख.श्रेणी खुद्रा विक्रेता १लाख सम्म | ५००।- |
| ५० | मिठाई पसल एवं सामान्य होटल | |
| | क.श्रेणी ५० हजार भन्दा माथी | १०००।- |
| ५१ | लेथ तथा वेल्डींग | |
| | क.श्रेणी लेथ तथा वल्डींगको कार्य भएको | १०००।- |
| ५२ | कृषि मल खाध किट नाशक पसल | १०००।- |
| ५३ | कुखरा पालन पोल्टी फर्म | १०००।- |
| ५४ | खसी वंगुर,भैसी,गाई, कुखुरा,माछा पालन | |
| | क.श्रेणी १ लाख भन्दा माथी | १०००।- |
| | ख.श्रेणी १ लाख सम्म | ५००।- |

| | | |
|---|---|---|
| ५५ | च्यूरा मुरी तथा सेलर मिल उद्योग | |
| | क.श्रेणी २ लाख भन्दा बढी | २०००।- |
| ५६ | धान कुटने,आटा तथा मसाला पिस्ने मिल | |
| | क.श्रेणी १ लाख भन्दा बढी | १०००।- |
| | तेल तथा मसाला उद्योग | |
| | क.श्रेणी १ लाख भन्दा बढी | ७००।- |
| ५७ | चिया नास्ता पसल | |
| | क.श्रेणी २५ हजार भन्दा बढी | १५००।- |
| ५८ | मनि ट्राँन्सफर | ५००।- |
| ५९ | गैस सव डिलर | ५००।- |
| ६० | गिटी वालुवा,ढुगा स्टोकगरी विक्री गर्ने | १०००।- |
| ६१ | सेल्टींग मिस्त्री, पल्बर मिस्त्री,डकर्मी मिस्त्री | १०००।०० |
| ६२ | फलफुल पसल,तरकारी पसल अन्य | ७००।०० |

१.५ बहाल विटौरी कर :

.यस नगरपालिका विभिन्न स्थानमा रहेको पसल वन्दोवस्तीको २०८२।०८३ मा प्रति पसल रु.१०००।-असुल उपर गरिने छ।

१.६ पार्किङ शुल्कः : कार्यपालिकाले तोके बमोजिम हुने ।

१.७ जडिबुटी, कवाडी र जीवजन्तु कर : कार्यपालिकाले तोके बमोजिम हुने ।

१.८ टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी कर : कार्यपालिकाले तोके बमोजिम हुने ।

१.९ विज्ञापन कर

| क्र.सं. | विवरण | प्रतिवर्ग फिट रु | वार्षिक |
|---|---|---|---|
| १ | मादक पदार्थ धुम्रपान<br>क) होडिंगवोर्ड र डि.पि.एस.वोर्ड र ग्लो<br>ख) भित्ते लेखनग) तुल व्यानरमा | २०।- | ५०।-<br>२५।- |
| २ | होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन र सवारी साधन<br>क) होडिंगवोर्ड र डि.पि.एस.वोर्ड र ग्लो<br>ख) भित्ते लेखनग) तुल व्यानरमा | १५।- | ४०।-<br>१५।- |
| ३ | अन्य :<br>क) होडिंगवोर्ड र डि.पि.एस.वोर्ड र ग्लो<br>ख) भित्ते लेखनग) तुल व्यानरमा | १५।- | ३०।-<br>८।- |

बिज्ञापन गर्दा निम्न बमोजिम गर्नु पर्नेछ ।

१. कुनै पनि प्रकारका विज्ञापन गर्दा न.पा.बाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।
२. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका(मादक पदार्थ,सूर्तिजन्य)जस्ता बस्तुहरुको विज्ञापन गन पाइने छैन ।
३. यातायात सवारीका साधनहरुको विक्री प्रयोजनका लागि हुने विज्ञापनमा २५ प्रतिशत थप गरी कर लिईने छ ।
४. होटल तथा व्यापार व्यवसायको प्रवर्दन सम्बन्धी विज्ञापनहरुमा माथि उल्लेखित दररेटमा कर लिईने छ ।
५. विभिन्न संघ संस्थाहरुबाट हुने सेवामूलक प्रचार प्रसारका सामग्रीहरुमा उल्लेखित दरमा ५० प्रतिशत छुट दिईने छ ।
६. नेपाल सरकारका तर्फबाट हुने जनचेतना अभिबृद्धिमुलक सूचना प्रचार प्रसारका सामाग्रीहरुमा विज्ञापन कर लिईनेछैन ।
७. व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीको हकमा विज्ञापन कर लिईनेछ ।
८. उल्लेखित दररेट र आकार प्रकारका आधारमा विज्ञापनका लागि स्वीकृत दिंदा न्युनतम रु. ५०/मा नघटाई लिईनेछ ।
९. स्वीकृत नै नलिई राखिएका विज्ञापन सामग्री हटाउने र स्वीकृति दिन उपयुक्त ठानिएमा लाग्ने करको शत-प्रतिशत बराबर जरिवाना लिई स्वीकृति दिन सकिनेछ ।
१०. निजी स्वामित्वको स्थानमा विज्ञापन सामग्री राख्दा सम्बन्धित सरोकारवालाको सहमति प्राप्त गर्नु पर्नेछ । त्यस्तो ठाउमा गरिने विज्ञापन करमा ५० प्रतिशतसम्म छुट दिईनेछ ।
११. स्वीकृत समयावधि भित्रै अर्को थप समयावधिका लागि नविकरण गर्न आउनेलाई लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिईनेछ ।
१२. विज्ञापन गर्नेले स्वीकृत समयावधि समाप्त हुदा गरिएको विज्ञापन स्वयंले हटाउनु/मेटाउनु पर्नेछ ।

## २.अन्य दस्तुर सेवा शुल्कः

| | | |
|---|---|---|
| १ | प्राविधिक सेवा शुल्क ( सार्वजनिक सम्पति वाहेक ) | १०००।- |

| | | |
|---|---|---|
| २ | उजुरी दर्ता ,, | ३००।- |
| ३ | जडिवुटी निकासी शुल्क प्रतिकेजि | ०।५० |
| ४ | दलहन,तेलहन प्रतिकेजि | ०।४० |
| ५ | साधारण सुचि दर्ता | ३००।०० |
| ६ | कपाली तमसुक प्रमाणिकरण दस्तुर | २००।०० |
| ७ | किताकाट सिफारिस दस्तुर | २२०।०० |

२.२.अचल सम्पति मूल्याँकन तथा आयश्रोत प्रमाणित :-

| सि.नं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | रु.५ लाखसम्म | रु.३००।०० | |
| २ | सो भन्दा माथि प्रति लाख | रु.२५।०० | |

२.४ मुख्य हाट बजार तथा तरकारी बजारमा लगाईने सेवा शुल्क : कार्यपालिकाले तोके बमोजिम

२.५ भवन निर्माण (नक्शापास) दस्तुर

२.५.१ नयां भवन नक्सा पास दस्तुर :

| | विवरण | | २०७९।०८० को |
|---|---|---|---|
| १ | नक्सा पास गर्दा पक्की भुईतल्लेको प्लिन्थ एरियाको प्रतिवर्ग फिट | | रु.२।- |
| | नक्सा पास गर्दापक्की एकतल्ले को प्लिन्थ एरियाको प्रतिवर्ग फिट | | २.५।- |
| | नक्सा पास गर्दा पक्की दुईतल्ले को प्लिन्थ एरिया र सो भन्दा माथिको तल्ला थपमा प्रति वर्ग फिट | | ३.।- |
| २ | पक्कि खपडा घर प्रति वर्ग फिट | | रु. १.।- |
| ३ | कच्चि खपडाको,टिना,टायल घर इजाजत दस्तुर | | रु. २५०।- |
| ४ | फुसको घरको ईजाजत दस्तुर | | रु. २००।- |
| ५ | कम्पाउण्डवाल प्रति वर्ग फिट | | रु. १.००।- |
| ६ | अन्य नक्शा सम्वन्धि कागजात प्रतिलिपी दस्तुर | | रु. १००।- |
| ७ | घर नक्शाको प्रतिलिपी दस्तुर | | रु. ५००।- |
| ८ | प्राविधिक शुल्क | | रु. ५००।- |

२.५.२ पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि : कार्यपालिकाले तोके बमोजिम

नोट :

- ➢ व्यवशायिक भवनमा मापदण्ड र नियमानुसार सो मा २५ प्रतिशत थप दस्तुर समेत लाग्ने छ।
- ➢ महिलाको स्वामित्व रहेको निजी भवनहरुमा लाग्ने नक्सा पास दस्तुरमा १०प्रतिशत छुट दिईने छ।
- ➢ पुर्व नक्सापास भएको प्रमाण पेश गरी मर्मत हुने क्षेत्रफल खूलाई मर्मत इजाजत माग भई आएमा हालको नक्सा पास दस्तुरको ५० प्रतिशत शूल्क लिई मर्मत सूधार इजाजत दिन सकिनेछ ।
- ➢ स्वीकृत नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तूरको ५प्रतिशत दस्तूरलिई पूनः २ बर्षको लागिम्याद थपगरिनेछ ।
- ➢ माप दण्ड विपरित निर्माण भएका घरको घरनक्सा पास गरिने छैन तर मापदण्ड भित्र भएका भवनहरुको हकमा देहाय बमोजिम थप शुल्क लिइ नक्सा पास गर्न सकिनेछ।

१. नक्सा पास प्रक्रियामा नरहेको तर एकै पटक नक्सा पेश गरी सम्पन्न प्रमाण पत्र लिन आएमा हालको नक्शा पास दस्तुरको ०.५० प्रतिशत र प्रथम चरणको निर्माण कार्यको स्वीकृत लिई एकै पटक सम्पन्न प्रमाण पत्र लिन आएमा ०.२५ प्रतिशत थप दस्तुर लिइ नक्सा पास गर्न सकिनेछ।

२. न.पा.बाट निर्माण कार्य स्वीकृत लिएका तर तोकिएको समय भित्र सम्पन्न नलिएका भवनको नक्सा पास गर्दा थप ५० प्रतिशत र नक्सा फरक भई संशोधित नक्सा पेश गर्दा क्षेत्रफल बढी हुन आएमा थप क्षेत्रफलमा हालको नक्सा पास दस्तुरको १०० प्रतिशत थप शुल्क लिई नक्सा पास गर्न सकिने छ।

३. अव नयाँ दर्ता भई निर्माण हुने भवन नक्सा पास भई तल्ला थप गर्ने भवनमा सौर्य उर्जा प्रयोग गरिएको हुनु पर्नेछ।

४. पूर्व स्वीकृति लिई नक्सा पास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानूसार गरिनेछ।

२.५.३ दण्ड जरिवाना

क) नयाँ निर्माण

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |

| | | |
|---|---|---|
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

ख ) तल्ला थपमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३ | निर्माणको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

१ नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

## २.६ सिफारिश तथा अन्य सेवा शुल्कको दर :

| सि.नं. | विवरण | | २०८२।०८३ को |
|---|---|---|---|
| १ | नक्सा कितावलाई | | ५००।- |
| २ | निर्माण सम्पन प्रमाण पत्र | | १०००।- |
| ३ | घरवाटोसिफारिस१किता सम्मसोभन्दा माथि प्रति किता रु.५०। थप | | २००।- |
| ४ | व्यवसाय प्रमाणपत्रको प्रतिलिपी माग्दा | | २००।- |
| ५ | व्यवसाय प्रमाणपत्र नविकरण शुल्क | | ५००।०० |
| ६ | नाता प्रमाणित सिफारिस दस्तुर | | १००।- |
| ७ | नामसारी दस्तुर | | २००।- |
| ८ | मोही लगत कट्टा को सिफारिस | | ५००।- |
| ९ | ३५ दिन पछि दा.खा. गराउन आउदा जरिवाना | | १००।- |
| १० | उद्योग स्थापना सिफारिस (१) ठुलो लाई<br>(२) सानो लाई | | ५००।-<br>३००।- |
| ११ | चार किल्ला प्रमाणित दस्तुर एक किता सम्म | | १००।- |
| १२ | प्रति थप किता चार किल्ला प्रमाणित | | २५।- |
| १३ | विद्युत तथा खानेपानी पानी सिफारिस दस्तुर | | १००।- |
| १४ | दा.खा.दस्तुर | | २००।- |
| १५ | नागरिकता सिफारिस दस्तुर(वंशज)तथा प्रतिलिपी समेत | | ५०।- |
| १६ | नागरिकता सिफारिस दस्तुर (वैवाहिक अंगिकृत) | | १००।- |
| १७ | राहदानी सिफारिस दस्तुर | | ४००।- |
| १८ | अन्य सिफारिस दस्तुर न.पा. तर्फ | | २००।- |
| १८ | लालपुर्जाको प्रतिलिपी लिन सिफारिस गर्दा | | १००।- |
| १९ | लालपुर्जामा फोटो टासी तिनपुस्ते को सिफारिस गर्दा | | २००।- |
| २० | छुट जग्गा को सिफारिस गर्दा | | २००।- |
| २१ | कुनै सिफारिस अंग्रेजीमा गराउदा दस्तुर दोव्वर लाग्ने | | ४००। |
| २२ | योजना कार्यसम्पन्न सिफारिस | | १०००। |
| २३ | घर सम्पन्नको प्रमाण पत्र लिन आउदा २ वर्ष म्यद नाघेमा नियमित गर्ने वापत | | २५ प्रतिशत पास गर्दा लागेको दस्तुर |
| २४ | अन्य सिफारिस दस्तुरवडा तर्फ | | ५०।०० |
| २४.१ | (घ) वर्गको निर्माण ब्यवसायी ईजाजत पत्र जारी | | ८०००।०० |
| २४.२ | (घ) वर्गको निर्माण ब्यवसायी ईजाजत पत्र नवीकरण समयावधि भित्र | | ४०००।०० |
| २५ | (घ) वर्गको निर्माण ब्यवसायी ईजाजत पत्र नवीकरण विलम्ब शुल्क | | ५०००।०० |
| २६ | संघ संस्था नयां दर्ता सिफारिस दस्तुर | | १०००।०० |
| २७ | संघ संस्था नवीकरण सिफारिस दस्तुर | | ३००।०० |

- अन्तर सरकारी वित ऐन २०७४ बमोजिम नगरपालिकालाई प्राप्त हुने घरजग्गा रजिष्ट्रेसन शुल्क, मनोरंजनकर र विज्ञापनकर समेतबाट प्राप्त हुने रकम यसै आयमा समावेश हुनेछ ।

- माथि उल्लेखित कर, दस्तुर र सेवा शुल्क देखि वाहेक अन्य श्रोत थप हुन आएमा नगरकार्यपालिकाले श्रोतको पहिचान गरी करको दर तोक्न सक्नेछ ।
- नेपाल सरकारका अन्य निकायमा हुने दर्ता, नविकरण दस्तुर नियमन भई आएका कार्यहरु हस्तान्तरण भई आएमा सम्बन्धित निकायबाट वा नेपाल सरकारले तोकिए भन्दा कम नहुने गरी कर, दस्तुर तथा सेवा शुल्क लिईनेछ ।
- उल्लेखित अनुसारको कर, दस्तुर र सेवा शुल्क तथा मालपोत रजिष्ट्रेशन र प्राकृतिक श्रोतसाधनबाट उठने शुल्क समेतबाट नगर क्षेत्रमा आ.ब. २०८२।०८३ मा करिव ५१ लाख ६२ हजार ५०० सय मात्र आन्तरिक आम्दानी प्राप्त हुने अनुमान गरियो ।
- यसमा उल्लेख नभएका सेवा शूल्क,दर्ता,नवीकरण सिफारिस दस्तुर कार्यपालिकाले तोके बमोजिम हुने छ ।
- आ.व.२०८२।०८३ मा निर्धारित कर दस्तुरका दरहरु समय सापेक्ष परिवर्तन गर्ने तथा छुट दिने ।

**निर्णय नं. ४**

बहुदरमाई नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा बनेको निम्नानुसार विनियोजन विधेयकलाई सभाबाट स्वीकृत गरियो ।

**विनियोजन विधेयक (२०८२)**

***बहुदरमाई नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट संचित रहेको रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा विनियोजन विधेयक बनेको ऐन"***

**प्रस्तावनाः:**

बहुदरमाई नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट संचित रहेको रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बहुदरमाई नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम " बहुदरमाई नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा :**

क) "नगर सभा"भन्नाले बहुदरमाई नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका"भन्नाले बहुदरमाई नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति"भन्नाले बहुदरमाई नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगतशाखा"भन्नाले बहुदरमाई नगरपालिकाका अन्तर्गतको महाशाखा, शाखा,आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाई समेतलाई सम्झनु पर्दछ ।

ड.) "संञ्चितकोष"भन्नाले बहुदरमाई नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३.**आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८२।०८३ का लागि नगरकार्यपालिका,वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ उल्लेखित चालु खर्च, पुँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५२२०८११४०।६७ नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचितकोषमा आम्दानी गर्न तथा यथावत संचालन हुने योजना(क्रमागत)र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त बहुदरमाई नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि मात्र विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा बहुदरमाई नगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा नगरसभाको निर्णय अनुसार हुने छ ।

**निर्णय नं. ५**

तपसिल बमोजिमको अनुमानित एकिकृत आय-व्यय अनुसार कार्यालय व्यवस्थापनको लागि प्रशासनिक खर्च र विषयगत शाखाहरु स्वास्थ्य, शिक्षा, युवा, तथा खेलकुद, कृषि विकास, पशु सेवा, महिला, बालबालिका, जेष्ठ नागरिक, आयुर्वेद, लघु उद्यम विकास कार्यक्रम, बहुक्षेत्रीय पोषण, न.पा.स्तरीय योजना तथा कार्यक्रम लगायत आ.व. २०८२।०८३ को कार्यक्रम तथा बजेट सम्वन्धमा आज दफावार छलफल भई प्रशासनिक खर्च र विषयगत शाखाहरुलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त बजेट तथा कार्यक्रम तोकी आए बमोजिम संचालन हुने र सो बाहेक यस बहुदरमाई नगरपालिकालाई प्राप्त वित्तीय समानीकरण बजेट, राजस्व बाँडफाँड र आन्तरिक स्रोतबाट थप व्यहोर्ने गरी तपसिल अनुसारको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

आ.व.२०८२।०८३ को आय्व्यय अनुमान

| क.सं | आय शिर्षक | रकम | क.सं | व्यय शिर्षक | रकम रू. | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार समानीकरण अनुदान | ११७७०००००।०० | १ | संघीय सरकार शसर्त अनुदान | २१६४००००००।०० | निर्धारित कार्यक्रम |
| २ | संघीय सरकार सर्शत अनुदान | २१६४००००००।०० | २ | सम्पुरक कोष (संघीय सरकार) | १०५००००००।०० | सडक निर्माण |
